यो क्षयरोग सम्बन्धि कागजात , क्षयरोगबारे जानकारी हासिल गराउन तयार गरिएको सन्दर्भ सामग्रीको अनुवाद हो। स्वास्थ्य केन्द्रबाट प्रकाशित जापानी भाषामा लिखित कागजातमा कानूनी प्रावधान सुरक्षित गरिएको छ।

⑥

**क्षयरोग भनेर निदान भइ अस्पताल भर्ना भए** को अवस्थामा ・・・ **( दफा नं. 37)**

★ क्षयरोग के हो ?

क्षयरोग भनेको, क्षयरोगको कीटाणु श्वासप्रश्वासबाट भित्र गइ, प्रमुखतया फोक्सोमा संक्रमण गराउने रोग हो। रोग लागेपनि खकारमा क्षयरोगको कीटाणु देखा नपर्ने हलुका खालको भएमा, अन्य व्यक्तिमा सङ्क्रमण हुने खतरा हुँदैन।

खकारमा क्षयरोगको कीटाणु देखा पर्दा भने, खोक्दा या हाच्छिउँ गर्दा क्षयरोगको कीटाणु उडेर फैलिइ, त्यस कीटाणु वरिपरिका व्यक्तिले श्वास मार्फत तानेमा सङ्क्रमण हुने सम्भावना हुन्छ। (कथम् कदाचित् क्षयरोगबाट सङ्क्रमित भइहाले पनि अवश्य बिरामी हुने भन्ने हुँदैन)

क्षयरोग, चिकित्सकको निर्देशन अनुसार औषधि राम्रोसँग (साधारण तया 6 महिना भन्दा बढी ) सेवन गरेमा निको हुने रोग हो।

★ क्षयरोगको सूचना दाखिला

क्षयरोग भनेको सरुवा हुने रोग भएकोले, काननमा आधारित रहेर, निदान गर्ने चिकित्सकले, बिरामीको ठेगाना, नाम थर, जन्म मिति, लिङ्ग एवम् व्यवसाय आदि स्वास्थ्य केन्द्रमा सूचना दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।

चिकित्सकबाट सूचना दाखिला प्राप्त गरेको स्वास्थ्य केन्द्रले, चिकित्सा संस्थाबाट पाएको जानकारीको आधार तथा उक्त व्यक्ति अथवा परिवारसँग कुरा गरेर, लक्षण तथा जीवनयापनको अवस्था आदि बारे सोध्ने गर्दछन्।

★ अस्पताल भर्ना सिफारिस तथा मानव अधिकार संरक्षण

स्वास्थ्य केन्द्रले, सोधपुछको नतिजा, सँगै बसोबास गर्ने व्यक्तिहरूमा क्षयरोग सङ्क्रमण गराउने खतरा भएको क्षयरोग बिरामी भनेर निर्णय गरेको खण्डमा, क्षयरोग-वार्ड भएको चिकित्सा संस्थामा भर्ना हुनको लागि " सरुवा रोगको ऐनमा आधारित अस्पताल भर्ना सिफारिस" गर्नेछ।

बिरामीको मानव अधिकार संरक्षण गर्नको लागि, अस्पताल भर्ना भएको बिरामी अथवा उसका संरक्षकले, आफ्नो धारणा वा उजुरी स्वास्थ्य केन्द्रमा निवेदन गर्न सक्नु हुनेछ।

स्वास्थ्य केन्द्रले, सरुवा रोग छानबिन समिति(*खान्सेन्-स्यो सिन्सा क्योउगि-खाइ*)का विशेषज्ञ साथै बिरामीको धारणालाई मध्यनजर गरेर "अस्पताल भर्ना सिफारिस" निर्णय गर्दछ।

(नोट) अन्य रोग भएर अस्पताल भर्ना हुनुपर्ने व्यक्ति जसबाट सङ्क्रमणको खतरा नभएमा क्षयरोगको "अस्पताल भर्ना सिफारिस" गरिँदैन।

★ सरकार बाट वहन गरिने उपचार खर्च

"अस्पताल भर्ना सिफारिस" अनुसार, क्षयरोग -वार्ड भएको चिकित्सा संस्थामा भर्ना हुने भए, अस्पतालमा हुने खर्चको केही भाग सरकारी खर्चबाट वहन हुनेछ।

(आय आर्जन हेरेर अस्पतालमा हुनेखर्च सबै सरकारले व्यहोर्नसक्छ।)

सरकारी अनुदान आवेदनमा आधारित रहेर स्वास्थ्यकेन्द्रले "बिरामी कार्ड" जारी गरि, चिकित्सा संस्थामा प्रस्तुत गरेमा उपचार खर्चमा सरकारी अनुदान प्राप्त गर्नसकिन्छ।

★ क्षयरोगी संग सम्पर्कमा आउने व्यक्तिको स्वास्थ्य जाँच

स्वास्थ्य केन्द्रले, आवश्यक परेको बेलामा क्षयरोगबाट सङ्क्रमित भएको खतरा भएका परिवार तथा दैनिक जीवनयापन गर्दा सम्पर्कमा आउने व्यक्ति प्रति, स्वास्थ्य जाँचको सिफारिस गर्दछ।

सोधपुछ तथा परामर्शकोलागि • •

“विदेशीहरुका निम्ति HIV परिक्षण र स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्ने सम्बन्धि अनुसन्धान समूह” (किताजिमा चुतोमु समूह ) को आधारमा तयार गरिएको